# ओभरहेड उपयोग नीति

## २०६६

**एभरेष्ट क्लव, दैलेख**

नारायण नगरपालीका वडानं १ दैलेख

# एभरेष्ट क्लव दैलेखको ओभरहेड उपयोग नीति २०६६ :

समुदायमा विधमान प्राकृतिक, आर्थिक, सामाजिक श्रोत र साधन एवम् प्रवाह हुने सेवा र सुविधामा सबै नागरिकको समान सहभागिता, पहुच, नियन्त्रण र स्वामित्व स्थापित गर्नु नै वर्तमान विकासको अवधारणा हो । बञ्चितीमा परेका वा पारिएका वर्ग, लिङ्ग, जातजाति, क्षेत्र, परिवारको आवश्यकता पहिचान गरी उनीहरूको बास्तवीक मागलाई संवोधन गर्ने र सुझावहरू प्राप्त गर्ने कार्य हुदै आएका छन् । सामाजिकरूपमा उपेक्षित, आर्थिकरूपमा विपन्न र वन्चितिमा परेका वर्गहरूको माग र आवश्यकतालाई अधिकारको रूपमा प्रस्तुत गर्ने, उनीहरूका अधिकारलाई सम्मानपूर्वक सम्बोधन गर्ने र जवाफदेहि र उत्तरदायि संयन्त्रको निर्माण गरी विकासका सबै प्रक्रिया र नीति नियम तय गर्ने तहमा नागरिकहरूको सक्रिय सहभागीता हुने अवसरको सृजना गर्ने जस्ता चुनौतिपूर्ण कार्य गर्नु हाम्रो जिम्मेवारी हो । एभरेष्ट क्लवले संचालन गरेका कार्यक्रमहरूमा स्वास्थ्य, सरसफाइ तथा एच.आइ.भी.एड्स र वातावरण संरक्षण यी चारवटा क्षेत्रलाई वहुआयामिक विषयकोरूपमा लिनु पर्दछ ।

१. एभरेष्ट क्लव दैलेख ग्रामीण क्षेत्रमा बञ्चितिमा परेका, अल्पसंख्यक तथा सामाजिक र आर्थिकरूपमा पिछडिएका जनतालाई सशक्तिकरण गर्न तथा संकटमा परेका र पर्न सक्ने समुदायहरुलाई सहयोग गर्न प्रतिबद्ध एउटा कुशलतापूर्वक स्थापित अति सम्मानित तथा मानवीय संख्या हो ।

संस्था आफ्नो विधान, दर्शन, मान्यता तथा यसका नीतिनियमहरुद्वारा निर्देशित रहन्छ । आचारसंहिताले एभरेष्ट क्लव, दैलेख जस्ता संस्थाहरुका लागि गरीब तथा सुविधाविहिन मानवीय भलाईमा कर्मचारीहरुबाट अपेक्षा गरिएअनुरूप आफ्नो पेशागत, निजी तथा नागरिक जीवनका व्यवहारको आवश्यक मापदण्ड पूरा गर्न आधारभूत मार्गदर्शन गर्दछ । एभरेष्ट क्लव दैलेख आफ्ना समग्र कर्मचारीहरु संस्थाको विधान, लक्ष्य, सिद्धान्त तथा नीतिहरुप्रति पूर्णरूपले प्रतिबद्ध रहन तथा उनीहरु गरीब, अल्पसंख्यक, शोषित र अत्याचारमा परेका जनताप्रति सहानुभूति राखुन भन्ने अपेक्षा गर्दछ । एभरेष्ट क्लव दैलेखका कर्मचारीहरु तलब, जीवनवृत्ति वा व्यक्तिगत चासोद्वारा मात्र उत्प्रेरित नभई तिनीहरूमा राष्ट्र निर्माणको साधनको रूपमा ग्रामीण गरीब जनताहरुबीच सकारात्मक परिवर्तनका लागि योगदान गर्ने इच्छा भएको हुनुपर्दछ । एभरेष्ट क्लव दैलेखका कर्मचारी सदस्यहरुले आफ्नो दैनिक कार्यमा उच्चस्तरको पेशागत मान्यता, इमान्दारी तथा लगनशीलता प्रदर्शन गर्नैपर्दछ ।

२.एभरेष्ट क्लव, दैलेखमा विभिन्न दातृ निकायबाट प्राप्त हुने ओभरहेड खर्च र आन्तरिकरूपमा प्राप्त हुने आर्थिक श्रोत संस्था व्यवस्थापन (कार्यालय भाडा, संचार, औजार उपकरण, संस्थाको कार्यक्रम तथा वजेट लक्षित वर्ग सम्म प्रचार प्रसार) र कर्मचारीहरूको सिप तथा क्षमता अभिवृद्धि (त्रैमासिक समिक्षा वैठक, असल अभ्यास र सिकाईहरूको आदान प्रदान, कर्मचारी तालिम) मा खर्च गरिने छ । कर्मचारीको वार्षिक कार्य सम्पादन मुल्यांकन गरी वर्षमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिनु पर्दछ । संस्थाको सशक्तिकरणको लागि अत्यावश्यक भौतिक सामाग्रीहरू तथा औजार उपकरणहरूको व्यवस्थापन गरि प्रभावकारी सेवा प्रवाह गर्न/गराउन समेत ओभरहेडलाई उपयोग गरिनेछ ।लक्षित समुह सम्म प्रवाह हुने सेवालाई प्रभावकारी र सान्दर्भिक बनाउन वार्षिकरूमा अनुगमन योजना तर्जुमा गरी माथि उल्लेखित कार्य गर्न/गराउन समेत सो श्रोतको उपयोग गरिनेछ ।